१५२२

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

**मु.नं. १५१/०७३/७४**

**निर्णय नं. १२३**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ........................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कृषि सामग्री कम्पनी लि. ........................................................१ } विपक्षी
सूचना अधिकारी, कृषि सामग्री कम्पनी लि. ........................................................१ }

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नु ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले कृषि सामग्री कम्पनी लि. समक्ष तपसिल वमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।२३ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई माग वमोजिमको सूचना उपलब्ध गराउनू भनी कृषि सामग्री कम्पनी लि.लाई मिति २०७३।०५।२८ मा आदेश भएको । उक्त आदेश कार्यान्वयनको लागि आयोगको च. नं. ४४८ मिति २०७३।०६।०२ को पत्रबाट लेखी गएको । तत् पुनरावेदकले कृषि सामग्री कम्पनी लि.बाट माग वमोजिमको सूचना प्राप्त गरेको भनी हस्ताक्षर गरेकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल मंसिर १ गते रोज ४ शुभम् ।